# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरेको विवरण देहाय बमोजिम रहेको छ ।

**(विवरण सार्वजनिक गरेको अवधि : २०८० कार्तिक १ गतेदेखि २०८० पौष २९ गते सम्म)**

१. **निकायको स्वरुप र प्रकृति:**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालित राष्ट्रिय स्तरको विकास बैंक ।

२. **निकायको काम, कर्तव्य र अधिकार:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

३. **निकायमा रहेका कर्मचारी संख्या र विवरण:**
हाल कार्यरत कर्मचारी संख्या १०४३ रहेको छ र विकास बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समूहका सदस्यहरुको नाम विकास बैंकको वेवसाइटः www.garimabank.com.np मा हेर्न सकिन्छ ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्थाले संस्थाले प्रदान गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण विकास बैंकको वेभसाइटः www.garimabank.com.np मा प्रकाशित गरिएको छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:**
सेवा प्राप्त गर्न लाग्ने दस्तुर तथा अवधि सम्बन्धी जानकारी यस विकास बैंकको कुनै पनि शाखामा सम्पर्क गरी जुनसुकै बेला पनि प्राप्त गर्न सकिनेछ । साथै, दस्तुर सम्बन्धी विवरण यस विकास बैंकको वेभसाइटः www.garimabank.com.np मा समेत उपलब्ध छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी:**
बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले विकास बैंकको आन्तरिक नीति, नियम, विनियम तथा कार्यविधिहरुको अधिनमा रही गर्न सक्ने व्यवस्था रहेको छ । नियमित कार्य सञ्चालनको सर्न्दभमा प्रमुख कार्यकारी अधिकृत र नीतिगत निर्णयको सर्न्दभमा सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी:**
ग्राहकहरुले गुनासो तथा उजुरी गर्नका लागि प्रत्येक शाखामा उजुरी पेटिका राखिएको छ । विकास बैंकका नायब प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारी तोकिएको छ । निजको नाम र ठेगाना यस प्रकार रहेको छ ।

नाम : श्री माधव प्रसाद उपाध्याय
पद : नायब प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
ठेगाना : गरिमा विकास बैंक लि.,केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाण्डौं ।
फोन नं. : ०१-४५४५४२४/२५/२६, ईमेल : madhav.upadhaya@garimabank.com.np

९. **सम्पादन गरेको कामको विवरण:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्थाले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरु सम्पादन भइरहेका छन् ।

१०. **प्रमुख सूचना अधिकारीको नाम र पद:**
निकायको सूचना प्रदान गर्न विकास बैंकका नायब प्रमुख कार्यकारी अधिकृतलाई प्रमुख सूचना अधिकारी तोकिएको छ । निजको नाम र ठेगाना र सम्पर्क नम्बर यस प्रकार रहेको छ ।

नाम : श्री माधव प्रसाद उपाध्याय
पद : नायब प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
ठेगाना : गरिमा विकास बैंक लि., केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौं ।
फोन नं. : ०१-४५४५४२४/२५/२६, ईमेल : madhav.upadhaya@garimabank.com.np

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ सोही बमोजिम ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि पालना गरिएका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ती शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. मुलुकी देवानी संहिता, २०७४
१०. श्रम ऐन, २०७४
११. विनिमय अधिकारपत्र ऐन, २०३४
१२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
१३. आयकर ऐन, २०५८
१४. सूचनाको हक सम्बन्धी ऐन, २०६४
१५. प्रचलित नेपाल कानून र उपयुक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु ।
१६. नेपाल राष्ट्र बैंकद्धारा जारी सम्पूर्ण निर्देशिका, परिपत्रहरु ।

१२. **आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:**
बैंकको आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण त्रैमासिक रुपमा राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ भने विकास बैंकको वेवसाइट : www.garimabank.com.np मा समेत राखिएको छ ।

१३. **प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:**
विकास बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।

नाम : श्री गोविन्द प्रसाद ढकाल
पद : प्रमुख कार्यकारी अधिकृत
ठेगाना : गरिमा विकास बैंक लि., केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौं ।
फोन नं. : ०१-४५४५४२४/२५/२६, इमेल : gpdhakal@garimabank.com.np

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण:**
यस विकास बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्यहरु गर्दै आइरहेको छ । हालसम्म कुनै विशेष प्रकारको कार्यक्रम आयोजना वा सञ्चालन गरेको छैन ।

१५. **सार्वजनिक निकायको वेवसाइटको विवरण: www.garimabank.com.np**

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**
हालसम्म कुनैपनि बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग प्राप्त नगरिएको ।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन:**
विकास बैंकले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन विभिन्न राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ भने विकास बैंकको आफ्नो वेवसाइटमा समेत अद्यावधिक गरिएको छ ।

१८. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचना नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
हालसम्म सूचना वर्गीकरण नगरिएको ।

१९. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**
बैंकले सार्वजनिक गरेको तथा प्रचलित कानून बमोजिम प्रदान गर्न मिल्ने सुचनाहरु माग भई आएमा सम्बन्धित निवेदकको माग बमोजिम सुचना उपलब्ध गराउने गरिएको छ ।

२०. **सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सो को विवरण: :**
विकास बैंकको वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेभसाइटमा समेत प्रकाशन गरिएको छ । साथै विकास बैंकका आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरी वेभसाइट : www.garimabank.com.np मा समेत राखिएको छ ।

*"Access to All"*

**गरिमा विकास बैंक लिमिटेड**
**Garima Bikas Bank Limited**
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

**प्रधान कार्यालय :** लाजिम्पाट ०२, काठमाण्डौं
**सम्पर्क नं.:** ०१-४५४५४२४/२५/२६ **कल सेन्टर:** ०१-५९७०१७९
**इमेल:** info@garimabank.com.np **वेबसाईट:** www.garimabank.com.np